(ख) **आ.व. २०८०/०८१ को तेस्रो त्रयमासमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतलाई सम्पत्ति शुद्धीकरण निवारण (Money Laundering Prevention) सम्बन्धी ऐन र निर्देशनको उल्लघंन गरेकोमा नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागबाट गरिएको कारवाही ।**

| क्र.सं | बैंक तथा वित्तीय संस्थाको नाम | पटक<br>आ.व. २०८०/०८१ | कारवाही/जरिवाना |
|---|---|---|---|
| १. | लुम्बिनी विकास बैंक लिमिटेड | प्रथम | यस बैंकबाट इजाजतपत्रप्राप्त "क","ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशन, २०८० को इ.प्रा.निर्देशन नं. १९ को बुँदा नं.२ मा रहेको वित्तीय संस्थामा ग्राहक पहिचान तथा सम्पुष्टि पर्याप्त मात्रामा हुन नसकेको र सोहि निर्देशनको बुँदा नं. १६ मा उल्लेख भए बमोजिम शंकास्पद कारोवार तथा गतिविधि पहिचान गर्ने प्रणाली पूर्ण रुपमा लागू हुन नसकेको (आंशिक कार्यान्वयनको स्थितिमा रहेको) पाइएकोले लुम्बिनी विकास बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा १०० को बुँदा नं.१(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ को बुँदा नं. १ (क) बमोजिम सचेत गराइएको । |
| २. | एक्सल डेभलपमेन्ट बैंक लिमिटेड | प्रथम | यस बैंकबाट इजाजतप्राप्त "क","ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशन, २०८० को इ.प्रा.निर्देशन नं. १९ को बुँदा न.२(४) र २(८) को पुर्ण परिपालना भएको नदेखिएकोले एक्सल डेभलपमेन्ट बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा १०० को बुँदा न.१(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ को बुँदा न. १(क) बमोजिम सचेत गराइएको । |

***